# गौर नगरपालिका

## स्थानीय राजपत्र

गौर नगरपालिका द्वारा प्रकाशित

खण्ड: ८ संख्या: १ मिति:२०८१/०१/३१

भाग: २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको रणनीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको रणनीति नं. १

# वित्तीय साक्षरता रणनीतिः २०८१-२०८५

# वित्तीय साक्षरता रणनीति

## वित्तीय साक्षरता रणनीति : २०८०-२०८५

गौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गौर

रौतहट, मधेश प्रदेश

# विषय सूची


१. वित्तीय साक्षरता रणनीति : एक झलक ........................................ १
२. पृष्ठभूमि ........................................ २
३. वित्तीय साक्षरताको बुझाइ ........................................ २
४. वर्तमान अवस्था ........................................ ४
५. हालसम्मको प्रयास ........................................ ५
६. वित्तीय साक्षरता रणनीतिको आवश्यकता ........................................ ६
७. अवसर,समस्या तथा चुनौतीको विश्लेषण ........................................ ७
८. सोचः ........................................ ८
९. लक्ष्यः ........................................ ८
१०. उद्देश्य ........................................ ८
११. रणनीतिक प्राथमिकताहरु ........................................ ८
१३. रणनीति तथा कार्यनीतिहरु ........................................ ९
१४. रणनीति कार्यान्वयनको व्यवस्था ........................................ १२
१५. स्रोत व्यवस्थापन ........................................ १२
१६. अनुगमन तथा मूल्याङ्कन ........................................ १२
१७. जोखिम ........................................ १३
१८. समीक्षा तथा संशोधन ........................................ १४
१९.रणनीति कार्यान्वयनको कार्ययोजना ........................................ १४
२०. अनुसूचीहरू ........................................ १६

# १. वित्तीय साक्षरता रणनीति : एक झलक

| | |
|---|---|
| **सोच** | **"गौरको पहिचान, वित्तीय साक्षरताको ज्ञान"** |
| **लक्ष्य** | वित्तीय"सचेत र सक्षम"नागरिक बनाउने । |
| **उद्देश्य** | • नागरिकलाई वित्तीय साक्षर बनाउनु ।<br>• सुरक्षित वित्तीय कारोवारको लागि नागरिकको ज्ञान, सीप र व्यवहारमा परिवर्तन ल्याउनु ।<br>• वित्तीय सेवाको पहुँचमा वृद्धि गराउनु । |
| **अपेक्षितउपलब्धि** | • पैसाको व्यवस्थापन र सम्पत्ति सुरक्षितहुने<br>• अग्रिम योजना र दिगो भविष्यर सुनिश्चिता प्राप्त हुने<br>• संयुक्त वित्तीय निर्णयहरु प्रभावकारी रुपमाहुने<br>• वित्तीय ठगी र अत्यधिक ऋणको बोझबाट जोगिने<br>• वित्तीयक्षमता र वित्तीय उत्थान शीलतामा वृद्धि हुने |
| **पद्धति** | • सरोकारवाला संघ-संस्थाहरु सँग साझेदारीमा वृद्धि<br>• प्रभावकारी रुपमा सेवाविस्तार गर्ने<br>• वित्तीय सेवाहरुका पहुँचमा सुधार गर्ने<br>• सदस्यहरुको व्यवहारमा परिवर्तन गर्ने |
| **प्रमुखक्षेत्र** | • वित्तीय सेवामा पहुँच र उपयोग<br>• वित्तीय व्यवस्थापनमा गुणस्तरीय मार्गदर्शन प्रदान<br>• उद्यमशीलता विकास<br>• विद्युतीय वित्तीय सेवा र सदस्य संरक्षण प्रबर्द्धन |
| **रणनीति** | • वित्तीय साक्षरता केन्द्रकोस्थापना<br>• लक्षित वर्गको पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।<br>• वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने ।<br>• विद्यालयको पाठयक्रममा वित्तीय साक्षरता सम्बन्धी विषयवस्तु समावेश गर्ने ।<br>• वित्तीय साक्षरता सम्बन्धी सरोकारवालाहरु सँग साझेदारी गर्ने ।<br>• विद्युतीय वित्तीय कारोवार गर्ने ।<br>• व्यवसाय तथा उद्यम शिलताको लागि क्षमता अभिवृद्धि गर्ने ।<br>• वित्तीय कारोबारलाई ठगीमुक्त बनाउने । |

## २. पृष्ठभूमि

गौर नगरपालिका समुद्र सतहबाट ७९ मिटर उचाइमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल २१.५३ वर्ग कि.मि. रहेको छ र यो ९ वटा वडामा विभक्त छ । २०७८ सालको जनगणना अनुसार यस नगरपालिकामा ५,६३५ घर-परिवार रहेका छन् । यहाँको कुल जनसंख्या ३९,८४६ रहेको छ । जसमध्ये महिला र पुरुषको जनसंख्या क्रमशः १९,४२० र २०,४२६ रहेको छ ।

नेपालको संविधानको अनुसूची ८ को (५,६,७,१७) वमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र अन्तर्गत दफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न व्यवस्था गरेको छ ।

समग्रमा विश्लेषण गर्दा आर्थिक क्रियाकलाप दिनानुदिन बढ्दै गएको परिप्रेक्ष्यमा यस नगरपालिकामा वित्तीय कारोबार पनि बढ्दै जानु स्वाभाविक देखिन्छ । वित्तीय सेवा प्रवाहका लागि हाल यस नगरपालिकामा ९ वटा वाणिज्य बैंक, विकाश बैंक २ वटा, ७ वटा लघुवित्त वित्तीय संस्था र २२ वटा सहकारी संस्था कार्यरत छन् । साथै ७ वटा गैरसरकारी संस्थाहरुले पनि यस नगरपालिकामा कार्य गर्दै आइरहेका छन् । नगरपालिका भित्रको आर्थिक कारोबारलाई व्यवस्थित गर्न, अनौपचारिक रुपमा भईरहेका आर्थिक तथा वित्तीय कारोबारलाई बैंक तथा वित्तीय संस्था अन्तर्गत ल्याउन, नागरिकलाई अनावश्यक झन्झट र ठगीबाट मुक्त गरी सरल र सहज वित्तीय सेवा पुर्‍याउँदै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच पूरा गर्न यो रणनीतिले महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ । तसर्थ, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत डिप्रोक्स-नेपालको प्राविधिक सहयोगमा नगरपालिकाले यो वित्तीय साक्षरता रणनीति तर्जुमा गरेको छ ।

## ३. वित्तीय साक्षरताको बुझाई

वित्तीय साक्षरता आम्दानी, खर्च, वित्तीय योजना, बजेट, बचत, कर्जा, लघु-व्यवसाय, लगानी आदिको राम्रो व्यवस्थापन गर्न आवश्यक पर्ने ज्ञान, सीप र व्यवहार सिकाउने शिक्षाहो । वित्तीय साक्षरताबाट असल वित्तीय व्यवहार गर्न, व्यवसाय छनोट तथा सञ्चालन गर्न र आफ्नो आर्थिक समृद्धिका लागि वित्तीय लक्ष्य निर्धारण गर्ने ज्ञान र सीप पाइन्छ । ECI अर्फिकाको 'Financial Literacy Scoping Study and Strategy Project' को प्रतिवेदनमा वित्तीय साक्षरतालाई पैसाको प्रयोग र व्यवस्थापन सम्बन्धमा सुसूचित हुने र प्रभावकारी निर्णय लिने क्षमता प्रदान गर्ने बलियो माध्यमको

रुपमा परिभाषित गरेको छ । कोहेन एम् र स्टाक केका अनुसार "वित्तीय साक्षरता समुदाय र वित्तीय संस्थादुवैका लागि फाइदा जनक छ । वित्तीय साक्षरताले पैसाको उचित व्यवस्थापनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यवहारको बारेमा सिकाउँदछ ।"


वित्तीय साक्षरता औपचारिक र अनौपचारिक दुवै हुन सक्दछ । यसले व्यक्तिलाई विविध वित्तीय सेवाहरूको उपलब्धता र ती सेवाहरूको कसरी उचित प्रयोग गर्ने भन्ने जानकारी दिन्छ र उपयुक्त वित्तीय सेवाहरू छनोट गर्न सक्ने ज्ञान र सीप प्रदान गर्दछ । यसले वित्तीय अवधारणा बुझ्न सक्ने र दैनिक जीवनका लागि उपयुक्त वित्तीय सेवा छनोट गर्न सक्ने क्षमता बढाउँदछ ।आफ्नो आर्थिक समृद्धिका लागि प्रभाव पार्न सक्ने उपयुक्त व्यवसाय छनोट गर्न सक्ने खुबी अनुसार वित्तीय साक्षरताको स्तर निर्धारण गर्न अर्को समुदायमा दिनु पर्ने वित्तीय ज्ञानका विषयहरू फरक हुन सक्दछन् । त्यसैले निश्चित समुदाय वा व्यक्तिको आवश्यकताको आधारमा वित्तीय साक्षरता कार्यक्रम तयार गरी सञ्चालन गर्न आवश्यक छ ।

सामान्यतया वित्तीय स्रोत-साधनलाई आफ्नो भलाइको लागि प्रभावकारी रूपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान तथा सीपको रूपमा वित्तीय साक्षरतालाई परिभाषित गरेको पाइन्छ । यसले वित्तीय सेवा उपलब्ध गराउनेहरूलाई समेत उनीहरूको सेवा वा उत्पादनहरूको बारेमा राम्ररी बुझ्न, उक्त उत्पादन सँग जोडिएको जोखिमको घनत्व एवम् गहिराइको पहिचान गर्न र त्यसलाई व्यवस्थापन गर्न तथा उनीहरूका ग्राहक (उपभोक्ता) को वास्तविक आवश्यकतालाई पहिचान गरी आफ्ना उत्पादनहरूलाई परिमार्जन गर्न सहयोग पुर्याउँछ । वित्तीय साक्षरताले समग्र वित्तीय प्रणालीमा विश्वास अभिवृद्धि गर्दछ र सहभागिता वृद्धि गर्न पनि मद्दत गर्दछ ।

"वित्तीय ज्ञान, क्षमता, सीप र संस्कृति भएको व्यक्तिनै वित्तीय रुपमा सक्षम व्यक्ति हो जसले व्यक्तिगत वित्त र परिस्थिति अनुसार सही कार्यहरु गर्न उनीहरुलाई सुसूचित गराउने र जिम्मेवार निर्णय गर्न सक्ने अवसर प्रदान गर्दछ ।"

**वित्तीय साक्षरताको अवधारणात्मक संरचनाः**

वित्तीय साक्षरताको अवधारणात्मक संरचनाले विभिन्न लक्षित वर्गहरुलाई वित्तीय ज्ञान प्रदान गरी



सीपहरु र मनोवृत्तिको प्रदर्शन गरी वित्तीय परिणामका लागि व्यवहारमा परिवर्तन गर्ने प्रयास गरेको छ । यसले लक्षित वर्गहरुको मागको पक्षमा प्राथमिकताहरुलाई राम्रो सँग बुझ्न मद्दत गर्नेछ जसले बजार उत्तरदायी, उत्पादन प्रर्वद्धन, वहिष्करण तथा वञ्चितीकरणमा परेकाहरुलाई समावेश, वित्तीय प्रभावकारिता र नाफामा बृद्धि गर्न मद्दत गर्नेछ । नेपाल राष्ट्र बैंकको वित्तीय साक्षरता फ्रेमवर्क अनुसार अवधारणात्मक संरचनालाई तल चित्रण गरिएको छः-

**वित्तीय साक्षरताः** आम्दानी, खर्च, बजेट, बचत, ऋण र लगानीको लागि पैसाको सही तरिकाले व्यवस्थापन गर्ने अभ्यासहरु अपनाउन आवश्यक ज्ञान, सीप र धारणामा सकारात्मक विकास गर्ने शिक्षाहो । यसले गरिबहरुको आर्थिक सुरक्षामा सुधार गर्न, वित्तीय सेवाहरुलाई अझ प्रभावकारी रुपमा प्रयोग गर्न, सूचना र स्रोतहरु प्रयोग गर्ने क्षमता विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**वित्तीय क्षमताः** वित्तीय क्षमता ज्ञान, सीप, धारणा र व्यवहारको संयोजन हो जसले व्यक्तिलाई तर्क सङ्गत रुपमा सुसूचित गरी प्रभावकारी वित्तीय निर्णयहरु लिन सहयोग गर्दछ ।

**वित्तीय क्षमताका आधारहरुः**

ज्ञानः विभिन्न माध्यमबाट प्राप्त जानकारीको भण्डारण, जस्तैः शिक्षा, प्रशिक्षण र व्यक्तिगत अनुभव ।

सीपः प्राप्त ज्ञानलाई लागु गर्ने क्षमता ।

धारणाः ज्ञान प्रयोग गर्न समय र स्रोतहरु खर्च गर्ने इच्छुकता र तत्परता ।

व्यवहारः व्यक्तिको दैनिक जीवनमा ज्ञान, सीप र धारणाको प्रयोग ।

**वित्तीय समावेशीकरणः** वित्तीय समावेशीकरण भनेको औपचारिक वित्तीय सेवा प्रदायकहरु द्वारा उचित मूल्यमा वित्तीय सेवाबाट वञ्चित वा अर्धवञ्चित समुदायका व्यक्तिहरुको आवश्यकता पूरा गर्न उपयुक्त वित्तीय बस्तु तथा सेवाहरुको प्रावधानहो ।

*वित्तीय रुपमा समावेश भएको व्यक्तिआर्थिक रुपमा सशक्तनहुन सक्दछ । त्यसैले वित्तीय साक्षरताले सूचनाको आदान-प्रदान, वित्तीय सेवाको प्रयोगमा सुधार, तत्परता, आत्मविश्वासमा बृद्धि गरी वित्तीयपहुँच, उपयोग र सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दछ ।*

## ४. वर्तमान अवस्था

आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण अनुसार कुल जनसंख्याको १५.१%नेपालीहरू गरिबीको रेखामुनि रहेका छन् । नेपालको मानव विकास सूचांङ्क (०.६०२) निकै कमजोर अवस्था देखिन्छ । संयुक्त राष्ट्र संघको सन् २०२१ को मानव विकास प्रतिवेदनले विश्वका १९१ देश मध्ये नेपाललाई गरिबीका हिसावले १४३ औं स्थानमा राखेको छ ।

नेपाल राष्ट्र बैंकले डिसेम्बर २०२२ मागरेको वित्तीय साक्षरता आधार सर्वेक्षणको नतिजा अनुसार ५७.९ प्रतिशत नेपालीहरु वित्तीय रुपमा साक्षर रहेको पाइएको छ । वित्तीय साक्षरताको तीन आयामको रुपमा रहेको वित्तीय ज्ञान ४७.३ प्रतिशत, वित्तीय व्यवहार ६३.५ प्रतिशत र वित्तीय मनोवृत्ति ६४.१ प्रतिशत रहेको पाइएको छ । वयस्क जनसंख्याको २७.५ प्रतिशतले मात्र वित्तीय साक्षरताका तिनै आयामहरूमा न्यूनतम अङ्कप्राप्त गरेका छन् । वित्तीय ज्ञानमा ३६.५ प्रतिशत वयस्क जनसंख्या, वित्तीय व्यवहारमा ५६.६ प्रतिशत र वित्तीय मनोवृत्तिमा ९५.४ प्रतिशत वयस्कमा निसहरुले न्यूनतम अङ्कप्राप्त गरेका छन् । पुरुषको वित्तीय साक्षरता अङ्क ६१.८ प्रतिशत पाइएको छ जुन महिलाको तुलनामा ७.५ प्रतिशतले बढी हो । पुरुषको वित्तीय ज्ञानमा अङ्क ५६.५ प्रतिशत रहेको छ जुन महिलाको तुलनामा १७.९ प्रतिशतले बढी हो । वित्तीय ज्ञानमा लैङ्गिक भिन्नता सबै प्रदेशमा पाइएको छ । वित्तीय समावेशिताको स्थिति आकलन गर्दा वयस्क जनसंख्याको वित्तीय प्रयोगका सूचकहरूमा ७३.७८ प्रतिशतले भुक्तानी उपकरण, ८६.६४ प्रतिशतले बचत, लगानी वा अवकाश उपकरण, ३०.०२ प्रतिशतले बीमा सेवा र ४६.३४ प्रतिशत ऋण उपकरण प्रयोग गरेको पाइएको छ । बचत उपकरणहरूमध्ये ७१.०६ प्रतिशत वयस्क जनसंख्याले बचत खाताको प्रयोग गरेको पाइएको छ भने लगानी कोष सबैभन्दा कम प्रतिशत जनसंख्याले प्रयोग गरेका छन् । वयस्क जनसंख्याको ८.४६ प्रतिशतले निर्जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन् भने २६.७८ प्रतिशतले जीवन बीमा उपकरणहरू प्रयोग गरेका छन् । लगभग दुई-तिहाइ वयस्क जनसंख्या कम्तीमा ५ किसिमका वित्तीय उपकरणबारे सचेत छन् । अझै पनि ७१.८३ प्रतिशत वयस्क जनसंख्या आफ्नो आर्थिक आवश्यकता पूरा गर्न परिवार तथा साथी भाइको बचत वा ऋणमा निर्भर रहेका छन् ।

सर्वेक्षणमा ४६.३४ प्रतिशत वयस्क जनसंख्याले कर्जा प्रयोग गरेका छन् भने जम्मा १७.६० प्रतिशतले मात्र बैक कर्जा उपयोग गरेका छन् । कृषि र निर्माण क्षेत्रका कामदारको सबैभन्दा कम हिस्साले बैंक कर्जा प्रयोग गरेका छन् भने होटल र रेष्टुरेन्टका कामदारको बढी हिस्साले सामूहिक बचत ऋणको प्रयोग गरेका छन् । राष्ट्रिय स्तरमा बयस्क जनसंख्याको २.३५ प्रतिशतले मात्र सरकारी सहुलियतपूर्ण कर्जाको प्रयोग गरेका छन् ।

नेपाल राष्ट्र बैंकको वित्तीय समावेशिता पोर्टल अनुसार २०८० फाल्गुन सम्ममा यस गौर नगरपालिकामा २७ वटा वित्तीय सेवाको पहूँच विन्दुहरु रहेको छ । जस मध्ये वाणिज्य बैंकहरुको ९ वटा, विकाश बैंक २ वटा र ७ वटा लघुवित्त वित्तीय संस्थाहरु तथा ९ वटा ATM सेवाको पहूँचविन्दु रहेको छ । पुरुषहरुको सक्रिय बचत खाताहरु ७८ प्रतिशत रहेको छ भने महिलाहरुको सक्रिय बचत खाताहरु ५१ प्रतिशत रहेको छ । जम्मा १,५०,००० बचत खाताहरु मध्ये ९४,००० (६३ प्रतिशत) खाताहरु सक्रिय रहेका छन् । २०८० असार मसान्त सम्ममा रु ४,५९०,५६३,६२१.७० रकम बचतको रुपमा वाणिज्य बैंकहरुमा जम्मा भएको छ जुन रु ३०६४४.६२ रकम औसत बचतको रुपमा रहेको छ भने रु ७,२६५,६२०,२१४.९३ रकम उठ्न बाँकी ऋणको रुपमा रहेको छ । त्यसैगरी वित्तीय सेवाप्रयोगकर्ताहरु मध्ये जम्मा क्रेडिट कार्ड लिनेको संख्या १६१ (सक्रिय संख्या १२६), डेबिट कार्डको संख्या ३२,००० (सक्रिय संख्या १८,०००), इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ताको संख्या २००० (सक्रिय संख्या १०००) र मोवाइल बैंकिङ्ग सेवा प्रयोगकर्ताहरु ७०,००० (सक्रिय संख्या ४३,०००) रहेको अवस्था छ ।

## ५. हाल सम्मको प्रयास

नेपालको संविधान २०७२ को अनुसूची ८ को (५,६,७,१७) वमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र अन्तर्गत दफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न र सामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी वाध्यत्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्न वाञ्छनीय भएकोले गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम गौर नगरपालिकाले **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि २०८०"** स्वीकृत गरी लागू गरिएको छ।

**५.५. वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रिय रुपमा वैदेशिक रोजगारमा गईरहनुपर्ने वाध्यताको अन्त्यका लागि रेमिट्यान्स प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ । उक्त कार्यको लागि वैदेशिक रोजगार बोर्ड, वित्तीय संस्थाहरु तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्न सकिने छ । वित्तीय साक्षरता कक्षा पश्चात सहभागिहरुले कक्षामा बचत बृद्दि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन् । उक्त कक्षा व्यवस्थापन तथा संचालनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिने छ । वित्तीय साक्षरता सहजकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद-५ को बुँदा नम्बर १० मा उल्लेख भए बमोजिम हुनेछ । शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/ संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ । उक्त वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि अनुसूची ३ अनुसारको मोड्युल तयार गरी लागू गरिने छ ।

## ६.वित्तीय साक्षरता रणनीतिको आवश्यकता

आर्थिक तथा सामाजिक विकासका लागि क्षमता सुहाउँदो र पहुँचपुग्न सक्ने खालकावित्तीय सेवाहरू विस्तार गर्न वित्तीय साक्षरता रणनीतिको अग्रणी भूमिका रहने छ । यसको कार्यान्वयनबाट नागरिकहरुको वित्तीय कारोवारमा सहजताल्याउन, वित्तीय कारोबार, बैंक तथावित्तीय संस्था, सरोकारवाला संघ संस्था तथा नागरिकहरुको बुझाइमा एकरुपता ल्याउन, बैंक तथावित्तीय संस्थाबाहिर रहेका वित्तीय कारोबारलाई बैंक तथावित्तीय संस्थाको दायराभित्रल्याउन, बैंकिङ तथावित्तीय क्षेत्रमाहुने ठगी नियन्त्रण गर्न, विपन्नवर्गहरुको वित्तीय सेवाहरूमापहुँच वृद्धि गरी तथा वैदेशिक रोजगारी मार्फत प्राप्तहुने विप्रेषणलाई बैंकिङ प्रणालीमा ल्याईलघु व्यवसायसिर्जना गर्न,आम्दानी र रोजगारीकाअवसरहरू बढाउन र स्थानीय तहमा पुँजी निर्माण गराउन वित्तीय साक्षरता रणनीतिको अहमभूमिका रहने छ । दिगो विकास लक्ष्यहरु क्रमशः १. गरिबी न्यूनीकरणमा सहयोग ३. स्वस्थ परिवार ४.गुणस्तरीय शिक्षा, ५. लैङ्गिक समानता ८.मर्यादित काम र आर्थिक वृद्धि १०. असमानता न्यूनीकरण१२. उत्तरदायी उत्पादन र उपभोग १६.शान्तिपूर्ण, न्यायमा पँहुच तथा जवाफदेही संघसंस्था स्थापना र १७.लक्ष्य प्राप्तिका लागि सहकार्य/साझेदारी हासिल गर्न समेत योगदान पुऱ्याउने हुँदायसको आवश्यकता अपरिहार्य देखिन्छ ।

## ७.अवसर, समस्या तथा चुनौतीको विश्लेषण

वित्तीय साक्षरताका दृष्टिकोणबाट **अवसर,समस्या तथा चुनौतीको** विश्लेषण गर्दा गौर नगरपालिकाको अवस्था यस प्रकार रहेको पाइयो ।

### ७.१ अवसर

- गौर नगरपालिकाले **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८०"** स्वीकृत गरी **वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः** लागू गरिने नीति रहेको छ ।
- ९ वटा वाणिज्य बैंक, २ वटा विकाश बैंक तथा ७ वटा लघुवित्त वित्तीय संस्थाको पहुँच विन्दु भएको।
- विभिन्न प्रकृतिका २५ वटा सहकारी संस्थाहरु विद्यमान रहेको ।
- विभिन्न बिकासका साझेदारहरु, गैसस, उद्योग वाणिज्य संघ, रोजगार संघ तथा अन्य सहकार्य गर्न सकिने संस्थाहरु अवस्थित रहेको ।
- वित्तीय साक्षरताको सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार, समेतको चासोको विषय रहेको ।
- वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएको ।
- आर्थिक तथा वित्तीय कारोबार बढ्दै गएको ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमा आबद्ध भएको ।
- स्थानीय सरकार सञ्चालन ऐनमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था रहेको ।
- विद्युतीय बैंकिङ कारोबार बढ्दै गएको ।
- विभिन्न संघ-संस्था र आम नागरिकको चासोको विषय रहेको ।

- नगरपालिकामा ६४ प्रतिशत भन्दा बढी साक्षरता रहेको ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन भइरहेको ।

### ७.२ समस्या तथा चुनौती

**क. समस्या**

- स्थानीय तहबाट सञ्चालनहुने तालिम तथा चेतना मूलक कार्यक्रमहरुमा वित्तीय साक्षरता समावेश गर्न नसकिएको ।
- वैदेशिक रोजगारीमा संलग्न सीमित परिवारका सदस्य भन्दा बाहेक अन्यव्यक्ति, समुदाय तथा वर्गका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न नसकिएको ।
- नगर क्षेत्र भित्र रहेका बैङ्क तथा वित्तीय संस्थाहरु र सहकारीहरुले सञ्चालन गरेका वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम यथेष्ट रुपमा अनुगमन तथा नियमन गर्न नसकिएको ।
- शिक्षण संस्था, होटल व्यवसाय, होमस्टे, स्वास्थ्य संस्थाहरु लगायत अन्य निजी क्षेत्रलाई वित्तीय साक्षरताको बारेमा सचेतना अभिवृद्धि गराउन नसकिएको ।

**ख. चुनौती**

- अनौपचारिक क्षेत्रबाट हुने आर्थिक तथावित्तीय कारोवारलाई बैंकिङ प्रणालीभित्र ल्याउनु ।
- दक्षमानवीय स्रोतको व्यवस्थापन गर्नु ।
- वित्तीय साक्षरता (परिवार व्यबस्थापन,खर्च तथा ऋण व्यबस्थापन, आम्दानी तथा वचत वृद्धि, वितीय लक्ष्य निर्माण, विप्रेषणको उत्पादन मुलक प्रयोग, व्यापार व्यबसायमा लगानी तथा विमा) लाई सबै नागरिक सम्म पुऱ्याउनु ।
- वित्तीय ठगी नियन्त्रण गर्नु ।
- गैर सरकारी संस्थाहरु र बैंक तथा वित्तीय संस्थाहरु सँग नियमित समन्वय र सहकार्य गर्नु।
- सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गर्नु ।
- विद्युतीय आर्थिक तथा वित्तीय कारोबारका बारेमा आम नागरिकमा सचेतना अभिबृद्धि गर्नु ।

## ८. सोचः

**"गौरको पहिचान, वित्तीय साक्षरताको ज्ञान"**

## ९. लक्ष्यः

वित्तीय"सचेत र सक्षम"नागरिक बनाउने ।

## १०. उद्देश्य

- नागरिकलाई वित्तीय साक्षर बनाउनु ।
- सुरक्षित वित्तीय कारोवारको लागि नागरिकको ज्ञान, सीप र व्यवहारमा परिवर्तन ल्याउनु ।
- वित्तीय सेवाको पहुँचमा बृद्धि गराउनु ।

## ११.रणनीतिक प्राथमिकताहरु

१.वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रको स्थापना र सञ्चालन (यसको उद्देश्य, संरचना, सेवा र प्रतिवेदन अनुगमन मूल्याङ्कन अनुसूची ५ बमोजिम हुनेछ),
२. समावेशीतामा आधारित वित्तीय साक्षरता,
३. विद्यालय पाठयक्रममा वित्तीय साक्षरता समावेश,
४. सरोकारवालाहरु सँग समन्वय, सहकार्य तथा साझेदारी,
५. सुरक्षित वित्तीय कारोबार,

## १२. रणनीति तथा कार्य नीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित वर्गको पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | १.नगरपालिका अन्तर्गत वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रको स्थापना गरी यस मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रले लक्षित वर्गलाई अनुकुल हुने गरी (बुझ्न सजिलो हुने गरी) अनुसूची १ बमोजिमका विषयहरु समावेश गरी पाठयक्रम तयार गर्ने छ । केन्द्रको स्थापना नहुञ्जेल यसले गर्ने कामश्रम तथा रोजगार प्रवर्द्धन शाखाले गर्ने छ ।<br>३.वित्तीय साक्षरताका लागि लक्षित वर्गको पहिचान गरी प्राथमिकीकरण गरिनेछ ।<br>४. प्राथमिकीकरण अनुसार निम्न वर्गहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● कम आय भएका सिमान्तकृत वर्ग, साना किसानहरु, उपेक्षित वर्ग नियमित रुपमा आम्दानी नहुने व्यक्तिहरु ।<br>● मध्यम आम्दानीकर्ता तथा ठूला आम्दानीकर्ता, मझौला तथा ठूला व्यवसायी र कृषि उद्यमीहरु<br>● नियमित आम्दानी हुने व्यक्तिहरु, सेवा तथा अन्य क्षेत्रहरुमा रहेका श्रमिक/कर्मचारी र वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्ति तथा परिवार ।<br>● युवा तथा विद्यार्थीहरु<br>● स्थानीय संघ-संस्था, समूहतथा समितिहरु<br>● वित्तीय संस्थातथा सहकारी संस्थाहरुका पदाधिकारी तथा सदस्यहरु |
| २. वित्तीय साक्षरता कार्यक्रमलाई | १. स्थानीय तह भित्रका बैंक तथा वित्तीय संस्थाहरु, सहकारी |

| | |
|---|---|
| अभियानको रुपमा सञ्चालन गर्ने | संस्थाहरु, गैरसरकारी संस्थाहरु र निजी क्षेत्र सँग समन्वय तथा सहकार्य गरी वित्तीय साक्षरतालाइ अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| ३. विद्यालय पाठ्यक्रममा वित्तीय साक्षरता कार्यक्रम समावेश गर्ने । | १.आधारभूत तहमा भइरहेको पाठ्यक्रममा वित्तीय साक्षरता सम्बन्धी पाठ्यक्रम समावेश गरी अध्यापन गराइने छ। साथै मा.वितीय हकका लागि पाठ्यक्रम निर्माणको जिम्मेवारी पाएको निकाय सँग समन्वय गरी पाठ्यक्रममा समावेश गर्न लगाई अध्यापन गराइनेछ ।<br>२.विद्यालयहरुमा सञ्चालन गरिने अतिरिक्त कृयाकलापहरुमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम आयोजना गरिने छ। |
| ४. वित्तीय साक्षरता सम्बन्धी सरोकारवालाहरु सँग समन्वय तथा साझेदारी गर्ने । | **आन्तरिक सरोकारवालाशाखा**<br>१.रोजगार प्रबर्द्धन कार्यक्रम<br>● प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत अन्य यस्तै प्रकृतिका कार्यक्रमहरुमा ।<br>● वैदेशिक रोजगारीमाजाने तयारीमा रहेका र वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गरिरहेका परिवारका सदस्यहरुलाई प्रदान गरिने तालिममा ।<br>२.लघु उद्यम विकास कार्यक्रम<br>● लघु उद्यम शाखा (मेड्पा) बाट सञ्चालित उद्यमशीलता विकास तालिममा ।<br>३.सहकारी विकास<br>● सहकारी शाखा तथा नगरपालिका भित्र रहेका सहकारी संस्थाका पदाधिकारीहरु त्था कर्मचारीहरुका लागि दिइने क्षमता विकास सम्बन्धी तालिममा (आधारभूत लेखा, नेतृत्व विकास, कोपोमिस आदि) ।<br>● अन्य सम्बन्धित हाखाहरुबाट हुने तालिम तथा आर्थिक कृयाकलाप जोडिएको कार्यक्रमहरुमा ।<br>**बाह्य सरोकारवाला**<br>१.वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सबै बैंक तथा वित्तीय संस्थाहरु सँग समन्वय र साझेदारी गरिने छ ।<br>२. यस नगरपालिका भित्र रहेको सहकारी संस्थाहरुको नियमन, अनुगमन र क्षमता अभिवृद्धि गरी सुदृढ गर्ने रउत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धिको लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.स्थानीय तह भित्र कार्यक्रम सञ्चालन गरिरहेका गैर |

| | |
|---|---|
| | सरकारी संस्थाहरु सँग तथा अन्य संघ संस्थाहरु र निजी व्यवसायीहरु सँग समन्वय गरी ती संघ संस्थाहरुले प्रदान गर्ने क्षमता विकास सम्बन्धी तालिमहरुको पाठ्यक्रममा वित्तीय साक्षरताको विषयवस्तु समावेश गरी कार्यक्रम सञ्चालन गर्न लगाइनेछ । |
| ५.व्यवसाय तथा उद्यमशीलताको लागि क्षमता अभिबृद्धि गर्ने । | १.आर्थिक विकास र सशक्तिकरणको लागिकुनै पनि समुदायको वित्तीय समावेशीकरण बढाउनु पूर्व शर्त नै हुने भएकोले व्यावसायिक क्षमता र व्यावसायिक सोच निर्माण गर्न युवा, किसान र महिलाउद्यमीहरु जस्ता लक्षित समूहहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभिन्न संघ-संस्थाहरु सँग साझेदारी गरिने छ । |
| ६.वित्तीय कारोबारलाई ठगीमुक्त बनाउने । | ● अनौपचारिक क्षेत्रबाट हुने आर्थिक कारोबारलाई वित्तीय संस्थामार्फत ल्याउन बैंक तथावित्तीय संस्थासँग समन्वयगरिने छायसको लागिनिजी क्षेत्र, सहकारी, विद्यालय, शिक्षकतथा गै.स.स. सबैको सहयोग लिइने छ।<br>● सहकारी संस्थामा महिला तथा विपन्नवर्गको सदस्यतालाई प्रोत्साहित गरिने छ ।<br>● अनौपचारिक क्षेत्रबाट हुने मिटरव्याज तथा अन्य ठगीलाई नियन्त्रण गर्न प्रभावकारी कदमचालिने छ।<br>● “सबै विप्रेषण बैंकिङ क्षेत्रबाट” भन्ने अभियान हरेक वडाको टोल बस्ती सम्म सञ्चालन गरिनेछ ।<br>● विद्युतीय प्रविधिको प्रयोग, सुरक्षा र उपभोक्ता संरक्षणलाई प्राथमिकता दिइने छ ।<br>● वित्तीय पहुँच नभएका समुदायहरुका लागि विद्युतीय पूर्वाधारको सुदृढीकरण गर्दै विद्युतीय वित्तीय सेवाको पहुँच विस्तार सँगै हुनसक्ने जोखिमहरुबाट संरक्षण गरिनेछ । |
| ७.समावेशीताको नीति अवलम्बन गर्ने । | १.महिला, दलित, सीमान्तकृत पिछडिएका बर्ग तथा अल्पसंख्यकलाई वित्तीय साक्षरतामा प्राथमिकता दिइनेछ ।<br>२. महिला, दलित, पिछडिएका वर्ग तथा अल्पसंख्यक आदि बैकिंङ प्रणालीमा नसमेटिएका वर्गलाई बैंकमा खाता खोल्न र वित्तीय कारोबारहरु बैंक मार्फत गर्न प्रोत्साहित गरिने छ ।<br>२.निम्न आय भएका, वित्तीय पहूँचबाट बञ्चित र सिमान्तकृत समुदायहरुलाई उनीहरुले भोगेका समस्याहरुको |

| | |
|---|---|
| | पहिचान तथा लेखा जोखा गरी नीतिगत व्यवस्थाहरु, योजना, बजेट विनियोजन, अवसरहरुमा पहुँच, व्यावसायिक क्रियाकलाप, अनुगमन, मूल्याङ्कन र अध्ययन आदि कार्यहरुमा समान अवसर मार्फत् वित्तीय सवाल र समस्याको सम्बोधन गरी वित्तीय साक्षरताको माध्यमबाट आर्थिक विकासको प्रक्रियामा (अनुसूची २ बमोजिम) मूल प्रवाहीकरण गरिने छ । |
| ८.कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | • वित्तीय साक्षरता कार्यक्रमको नियमित अनुगमन र सोको नतिजा मापन गरिनेछ ।<br>• नतिजा मापनमा विशेष गरी ज्ञान, सिप, मनोवृत्ति र व्यावहारिक पक्षहरुलाई समावेश गरिने छ ।<br>• वित्तीय साक्षरता कार्यक्रमबाट अनुशिक्षण पाएका लाभग्राहीहरुको तथ्याङ्क नगरपालिकाको सूचना प्रणालीमा व्यवस्थित गरी राखिने छ । |

## १३. रणनीति कार्यान्वयनको व्यवस्था

वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा आर्थिक विकास समिति अन्तर्गतका श्रम तथा रोजगार प्रबर्द्धन शाखाको समन्वयमा रहने गरी वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रको स्थापना गरिने छ । यस केन्द्रले अन्यशाखाहरुसँग समन्वयकायम गरी यो कार्यक्रम कार्यान्वयन गरिनेछ । नियमित सेवा प्रवाहका लागि आर्थिक विकास शाखा अन्तर्गत वित्तीय साक्षरता सहजकर्ताको व्यवस्था गरिनेछ । लक्षित समूहहरुको स्तर र वित्तीयक्षमताको आधारमा तालिम सामग्रीहरु जस्तै सहभागीपुस्तिका, सहजकर्ताहरुको लागि तालिम निर्देशिका र अन्य सामग्रीहरुको आवश्यकताअनुसार विकास गरिनेछ । थप क्षमता विकासका लागि स्थानीय तहले आवश्यकता अनुसार सेवाप्रदायक संस्था (गैरसरकारी/निजी) तथा विज्ञहरुबाट सेवालिन सक्नेछ ।

## १४. स्रोत व्यवस्थापन

वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्थानीयतहको बार्षिक नीति तथा कार्यक्रममा समावेश गरिनेछ । प्रदेश तथा संघीय सरकार मार्फत प्राप्तहुने स्रोत, बैंक तथा वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्थाहरु, होटल/अन्य व्यवसाय, शिक्षण तथा स्वास्थ्य संस्थाका साथै निजी क्षेत्र समेतको समन्वयमा स्रोतको व्यवस्थापन गरिनेछ ।

बैंकतथावित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकी दिए अनुसारको सामाजिक उत्तर दायित्व अन्तर्गत गर्नु पर्ने खर्चका लागि कोष स्थापना र सो कोषको जम्मा रकमको ५% रकम वित्तीय साक्षरता सचेतनाको लागि खर्च गर्नु पर्ने व्यवस्था रहेकोले सो का लागि बैंक तथा वित्तीय संस्थाहरु सँग स्थानीय सरकारले समन्वय गरी आफ्नै स्थानीय तहमा खर्च गर्ने व्यवस्थाका लागि पहल गर्नेछ ।

## १५. अनुगमन तथा मूल्याङ्कन ( अनुगमन तथा मूल्याङ्कन फारम-अनुसूची ४ )

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन अनुसूची ५ बमोजिम नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रको अनुगमन तथा मूल्याङ्कन समितिले गरी नगरपालिकामा प्रतिवेदन दिनेछ । अनुगमनमा अनुसूची ४ बमोजिमको फारम प्रयोग गर्नु पर्दछ । अनुगमन तथा मूल्याङ्कन समितिले आफ्नो अनुसूची ४ अनुसार भरिएको फारमसहितको आफ्नो प्रतिवेदन अनुसूची ५ बमोजिम नगरप्रमुखको अध्यक्षतामा गठन भएको वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्रको व्यवस्थापन समिति समक्षदिनु पर्ने छ । व्यवस्थापन समितिमा अनुगमन समिति उपर विस्तृत छलफल गरी समस्याहरु समाधानगर्दै सुधारका पक्षहरु कार्यान्वयन गरिने छ । यी सबै कुराको संयोजन गर्ने काम नगरपालिकाको श्रम तथा रोजगार प्रवर्द्धन शाखाले गर्ने छ। रणनीतिमा उल्लेख गरिएका क्रियाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए-नभएको यकिन गर्ने र सम्बन्धितपक्षलाई समावेश गर्न सुझावप्रदान गर्ने, वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वयन कसरी भइरहेको छभन्ने विषयमा समेत नियमितअनुगमन गरी नगर प्रमुख मार्फत् नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।

## १६. जोखिम

वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा आन्तरिक र बाह्य पक्षहरुबाट जोखिम उत्पन्न हुने संभावना रहेको छ। जोखिमका घटनाले जोखिम घटनाको आवृत्तिलाई जनाउँछ जबकि जोखिम-प्रभावले जोखिम उपायको प्रभावको स्तरलाई जनाउँछ।

| संभावित जोखिमको प्रकार | जोखिमको प्रकृति | जोखिमन्यूनिकरणको उपाय | जोखिमको असर |
|---|---|---|---|
| उद्देश्यबाट बिचलन | वित्तीय साक्षरता कार्यक्रमलाई सम्बन्धित शाखाहरुले महत्वका साथ हेर्न सकिएनभने कार्यान्वयन पक्ष कमजोर हुन सक्ने । | सम्बन्धित शाखाहरुलाई सूचक सहित जिम्मेवारी तोक्ने । | उच्च |
| सहजकर्ताको तयारी | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता /प्रशिक्षकलाई प्रभावकारी तालिम प्रदान गर्न नसकिएमा । | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुभन्दा अगाडि प्रभावकारी रुपमा तालिम प्रदान गर्ने । | उच्च |
| लक्षितवर्गको छनोट | समुदाय वा स्थान अनुसार लक्षित वर्ग छनोटका मापदण्ड तोक्न नसक्दा । | लक्षित वर्ग छनोटका मापदण्डहरु तय गर्ने र सोहीअनुसार छनोट गर्ने । | उच्च |
| विविधलक्षितवर्गहरु | यस रणनीतिले तय गरेका लक्षित वर्गहरुमा विविधता भएकाले उनीहरुमा वित्तीय साक्षरता सम्बन्धी बुझाइको | लक्षितवर्ग अनुसारका पाठ्यक्रम र अन्य सिकाइका सामग्रीहरुको निर्माण गर्ने । | उच्च |

| | | | |
|---|---|---|---|
| | स्तर फरक हुने,उनीहरुको आवश्यकता र माग पनि फरक-फरक हुन सक्छ । वित्तीय साक्षरता कार्यान्वयनमा जटिलता आउन सक्ने । | सरोकारवालाहरु सँग नियमित छलफल गर्ने र कार्य योजना निर्माण गर्ने । सहजकर्ताहरुलाई पनि लक्षित वर्ग अनुसारको प्रशिक्षण प्रदान गर्ने । साथै लक्षित क्षेत्र भित्र वितीय साक्षरता कक्षा सञ्चाल नहुनु अगाडि नै वितीय साक्षरता सम्बन्धी पर्व तयारी कक्षा सञ्चालन गर्ने। | |
| वञ्चितीकरणमा परेकातथाअतिबिपन्नवर्गहरुको समावेशिता | दुर्गम समुदाय, न्यून आय भएका, बेरोजगार वा अर्ध रोजगारीका कारणले वञ्चितिमा परेका घर परिवारको वित्तीय समावेशिता र वित्तीय साक्षरता कार्यक्रममा सहभागिता गराउन जटिलता । | वञ्चितमा परेका घरपरिवारको पहिचान गर्ने र उनीहरुको अवस्था हेरी कार्यक्रम प्रति आकर्षण गर्ने खालको कार्य योजनाबनाई कार्यक्रम सञ्चालन गर्ने । साथै अति बिपन्न सहभागीका लागि जीवन निर्वाह भत्ताको व्यबस्थापन गर्ने । | उच्च |
| सहभागिता | महिला, न्यून आय, बेरोजगार वा अर्ध रोजगारी भएका घर परिवारहरुको नियमित सहभागिता हुन नसक्ने संभावना । | महिला, न्यूनआय, बेरोजगार वा अर्धरोजगारी भएका परिवारको आवश्यकता वा मागको पहिचान गर्ने र सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने साथै नियमित अनुगमन गरी सहभागिताको लागि उत्प्रेरित गर्ने । | उच्च |
| समन्वय र सहकार्य | वित्तीय साक्षरता कार्यक्रम बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहकार्यमा समस्या आउन सक्ने । | नियमित रुपमा वित्तीय साक्षरता कार्यक्रमको सरोकारवालाहरु सँग सम्पर्क र समन्वयमा जोड दिने । | मध्यम |
| सम्बन्धित विषयगत शाखा र सरोकारवालाहरु बीच समन्वय | विषयगत शाखा तथा अन्य सरोकारवालाहरु बीच रणनीति कार्यान्वयनमा | जिम्मेवार विषयगत शाखाले सम्बन्धित सबै पक्षहरु सँग नियमित समन्वय गर्ने र | मध्यम |

| | | | |
|---|---|---|---|
| | अन्योल तथा दोहोरोपना हुन सक्ने । | सरोकारवालाहरु सहित कार्य योजना निर्माण गरी अन्योलता र दोहोरपना हटाउने । | |
| क्षमतायुक्त, दक्ष जनशक्ति, स्रोत र साधनको सीमितता | वित्तीय साक्षरता रणनीति कार्यान्वयनमा क्षमता युक्त, दक्ष जनशक्ति, स्रोत र साधनको सीमितता हुन सक्ने । | क्षमतायुक्त, दक्ष जनशक्ति निर्माण गर्न तालिम प्रदान गर्ने र स्रोत - साधनको समयमै व्यवस्था गर्ने । | मध्यम |

## १६. समीक्षातथा संशोधन

यस रणनीतिलाई आवश्यकताअनुसार पुनरावलोकन गर्न सकिनेछ ।

## १७. रणनीति कार्यान्वयनको कार्ययोजना

| क्र.स. | कृयाकलाप | जिम्मेवार शाखा/निकाय | सहयोगी निकाय | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १. | वित्तीय साक्षरताप्रवर्द्धन विकास केन्द्रको स्थापना | गौर नगरपालिका | सामी कार्यक्रम | → | | | | |
| २. | वित्तीय साक्षरताका लागि सम्भावित गाउँ टोल बस्ती छनौटका लागि तथ्यांक संकलन तथा सर्वेक्षण | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | सामी कार्यक्रम | → | | | | |
| ३. | स्थानीय तहमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि निर्देशिका निर्माण | वित्तीय साक्षरताप्रबर्द्धन विकास केन्द्र | सामी कार्यक्रम | → | | | | |
| ४. | प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | सामी कार्यक्रम | → | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | लक्षितवर्गको छनौट र प्राथमिकीकरण | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | सामी कार्यक्रम | | | | | |
| ६. | प्राथमिकीकरण भएका वर्गबाट सहभागी छनौट | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | आर्थिक विकास शाखा | | | | | |
| ७. | समूह स्तरमा वित्तीय साक्षरता कार्यक्रम | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | स्थानीयतह | | | | | |
| ८. | व्यवसाय सुरुवात तथा सुधार तालिम | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | स्थानीय तह तथा मेडेपा कार्यक्रम | | | | | |
| ९. | सुरक्षित वित्तीय कारोबार सम्बन्धी सडक नाटक | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | स्थानीयतह | | | | | |
| १०. | विद्यालय शिक्षामा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि पाठ्यक्रम विकास | वित्तीय साक्षरताप्रबर्द्धन विकास केन्द्र | स्थानीय तह / शिक्षा समन्वय इकाई | | | | | |
| ११. | प्रविधिमा आधारित वित्तीय कारोबार तालिम | वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्र | स्थानीय तह, बैंक तथा वित्तीय संस्था | | | | | |

## अनुसूची १ः

**वित्तीय साक्षरताको पाठ्यक्रममा समावेश हुने मुख्य विषयहरु :**

- ❖ वित्तीय साक्षरताको परिचय
- ❖ चाहना र आवश्यकता
- ❖ पारिवारिक योजना र वित्तीय लक्ष्य
- ❖ वित्तीय सेवातथा सेवा प्रदायकहरु
- ❖ बचतको योजना तथा व्यवस्थापन
- ❖ ऋण व्यवस्थापन
- ❖ विद्युतीय बैंकिङ् सेवा
- ❖ पारिवारिक बजेट
- ❖ पारिवारिक वित्तीय व्यवस्थापन तथा अनुशासन
- ❖ आम्दानी खर्चको वर्गीकरण तथा लेखाजोखा
- ❖ सुरक्षित वैदेशिक रोजगार र विप्रेषण
- ❖ सम्पत्ति निर्माण
- ❖ जोखिम व्यवस्थापन
- ❖ लघु-उद्यम स्थापना तथा विकास र व्यावसायिक योजना
- ❖ पुँजीको लागत

पाठ्यक्रम तयार गर्दा आवश्यकता अनुसार यी विषयहरुमा थप/घट गरी पाठ्यक्रम तयार गर्न सकिनेछ ।

## अनुसूचीः २ वित्तीय साक्षरता कार्यक्रमको मूल प्रवाहीकरण

निम्न आय भएका, वित्तीय पहुँचबाट बञ्चित र सिमान्तकृत समुदायहरुले भोगेका समस्याहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, योजना, बजेट विनियोजन, अवसरहरुमा पहुँच, व्यावसायिक क्रियाकलाप, अनुगमन, मूल्याङ्कनर अध्ययन आदि कार्यहरुमा समान अवसर मार्फत वित्तीय सवाल र समस्याको सम्बोधन गरी वित्तीय साक्षरताको माध्यमबाट आर्थिक विकासको प्रक्रियामा मूल प्रवाहीकरण गर्ने ।

वित्तीय साक्षरता कार्यक्रमको लागि बजेटको सुनिश्चितताका साथै लक्षित वर्गहरुको वित्तीय साक्षरतामा पहुँच अभिवृद्धि गर्न यस कार्यक्रमलाई मूल प्रवाहीकरण गरिनेछ । वित्तीय साक्षरता रणनीति कार्यान्वयनकालागिकानुनीतथानीतिगतप्रबन्ध गरी संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट समुदाय स्तरमा व्यापक रुपमा बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास पनि गरिनेछ । निम्न बमोजिमका माध्यमहरु अवलम्बन गरी वित्तीय साक्षरता रणनीति मूलप्रवाहीकरण गरिनेछ ।

| माध्यमहरु | मूलप्रवाहीकरण प्रक्रिया |
|---|---|
| आर्थिक विकास समिति | • वित्तीय साक्षरता कार्यक्रमका लागि पाठ्यक्रम निर्माण गर्ने र विभिन्न लक्षित वर्गमा कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरी सो बजेट पारित गर्न कार्यपालिकामा पेश गर्ने। |
| **आर्थिक विकास**<br>-रोजगार प्रबर्द्धन कार्यक्रम<br>-लघुउद्यम विकास कार्यक्रम | • स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकिकृत कार्यक्रमका माध्यमबाट मध्यम आम्दानीकर्ता तथा ठूला आम्दानीकर्ता, मझौला तथा ठूला व्यवसायी र कृषि उद्यमीहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने । |
| सामाजिक विकास | • वित्तीय साक्षरता कार्यक्रमका लागि लक्षित समुदायहरुको छनोट र परिचालन गर्ने, पाठ्यक्रम निर्माण गर्ने ।<br>• सेवा तथा अन्य क्षेत्रहरुमा रहेका श्रमिक/कर्मचारी र वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका व्यक्ति/विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने ।<br>• सम्बन्धित सबै सरोकारवाला पक्षहरुलाई आभिमुखीकरण कार्यक्रम गरी कार्यान्वयन र परिणाममा एकरुपता ल्याउने । |
| सहकारी विकास | • सहकारी संस्थाहरुको वित्तीय साक्षरतामा क्षमता अभिवृद्धि गरी कम आय भएका सिमान्तकृत वर्ग साना किसानहरु, उपेक्षित वर्ग नियमित रुपमा आम्दानी नहुने व्यक्तिहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने ।<br>• सहकारी संस्थाहरुको माध्यमद्वारा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |

| | |
|---|---|
| शिक्षातथा स्वास्थ्य | • युवा तथा माध्यमिक तहका विद्यार्थीहरुलाई वित्तीय साक्षरता कार्यक्रममा समावेश गर्ने ।<br>• वित्तीय साक्षरताको दृष्टिकोणबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि (वित्तीय साक्षरता सम्बन्धी तालिम) तथा परिचालन गर्ने । |
| योजना, अनुगमन तथा तथ्याङ्क शाखा | • वित्तीय साक्षरता कार्यक्रमलाई योजनामा समावेश गर्ने । विभिन्न लक्षित बर्गका लागि सञ्चालनमा रहेका वित्तीय साक्षरता कार्यक्रमको नियमित अनुगमन गर्ने, तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भइसकेका लक्षित वर्गहरुको पुनरावलोकन (फलोअप)गर्ने । |
| राजश्व तथा आर्थिक प्रशासन शाखा | • वित्तीय साक्षरता कार्यक्रम सञ्चालन तथा कार्यान्वययनका लागि उत्तरदायी हुने । |
| बैंक तथा वित्तीय संस्थाहरु | • बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सामाजिक उत्तरदायित्व अन्तर्गत रहेको कोष उपयोग गरी समुदाय स्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |
| विद्यालयहरु | • आवश्यक जनशक्ति छनोट गरी वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदानगर्दै यसका माध्यमबाट कक्षा९ देखि माथिका विद्यार्थीहरुका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । |

**अनुसूचीः ३** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगतको सामी कार्यक्रमले हाल तयार गरेका मोडयूलहरुका साथै नेपाल राष्ट्र बैंकको वित्तीय साक्षरता फ्रेम वर्कमा भएका विषयहरु समेटी तयार गरिने मोड्यूलहरु प्रयोग गरिनेछ ।

**अनुसूची:४**

# गौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वित्तीय साक्षरता कक्षा अनुगमन फारम

वित्तीय साक्षरता कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि कक्षा अनुगमनफारम

| | |
|---|---|
| अनुगमन गरिएको कक्षाको | कक्षा सञ्चालनभएको समूहको नाम : कक्षा संकेत नं |
| | जिल्लाःनगरपालिकाः वडा नंःटोलः |
| | सहजकर्ताको नामः |
| | कक्षाका कुल सहभागीको संख्याःमहिला.............. पुरुष............. जम्मा .................<br>दलित/जनजातिःदलित/जनजाति महिला : |
| | अनुगमनको दिनमा उपस्थित संख्याःमहिला............... पुरुष............. जम्मा ................. |
| | कक्षा प्रारम्भ मिति : कक्षा सञ्चालन हुने वार (दिन) र समय : |
| अनुगमनको समयमा पढाइएको पाठ | सत्र संख्या : शीर्षक : |
| | प्रयोग गरिएको विधि : (छलफल, प्रवचन, कथा, अभिनय...आदि) |
| | कक्षा सञ्चालन निर्देशिका अनुसार ठीक छ कि छैन : |
| कक्षा प्रारम्भ भए देखि हालसम्म | कारणवश कक्षा सञ्चालन नभएको दिन संख्याः<br><br>सबैभन्दा कम उपस्थिति भएको दिनको सहभागी संख्याः |
| कक्षा व्यवस्थापन समितिको पछिल्लो बैठकका निर्णयहरु | पछिल्लो बैठक मितिः<br>•<br>• |

| | |
|---|---|
| सहभागीहरुको प्रगतिविवरण ( उपस्थितमध्ये) | अन्तरकृया गरिएको सहभागीको संख्या :<br><br>सहभागीको सिकाइः |
| | सहभागीको प्रतिकृया : |
| | सहभागीमा व्यवहारिक परिवर्तनः<br><br>व्यवहारिक परिवर्तनका सूचक :<br><br>तालिमका विषय वस्तु उपर सहभागीको ज्ञान वृद्धि सन्तोषजनक रुपमा भए/नभएको – जस्तै :<br><br>तालिममा प्राप्त ज्ञान दैनिक जीवनमा प्रयोगमा आए/नआएको – जस्तै : |

| | |
|---|---|
| | • यस कक्षामा सहभागी भएपछि बचत गर्न प्रारम्भ गर्ने वाबचत दरमा वृद्धि गर्ने सहभागी<br>○ नियमित बचत गर्नेको संख्या–<br>○ बचत बृद्धि गर्नेको संख्या–<br><br>• यस तालिममा सहभागी भए पछि व्यवसाय शुरु गर्ने वाविस्तार गर्ने सहभागीको संख्या–<br><br>• आफ्नै स्रोतको प्रयोगले कतिजना :ऋणलिएर कतिजनाः<br>• ऋणबाट भएमा ऋण कहाँबाट लिएको –<br><br>• बैंक, वित्तीय संस्थावा सहकारीमा खाता खोलेका सहभागीको संख्या–<br><br>• आम्दानी खर्चको हिसाब राख्नेको संख्या–<br><br>• विमा कार्यक्रममा समावेश हुनेको संख्या– |
| कक्षाअनुगमनका समय सहजकर्ताको बारेमा | सहजकर्ताको सहजीकरण सीप :<br><br>प्रदान गरेको विषयवस्तु :<br><br>सहजकर्ताको सकारात्मक पक्षहरु :<br><br>सहजकर्ताको सुधारात्मक पक्षहरु : |
| कक्षा अनुगमनको क्रममा देखिएका समस्या तथा प्रदान गरिएका सुझाव | समस्या, जस्तै : सुझावः<br>•<br>•<br>• |

| | | |
|---|---|---|
| प्रशिक्षकको नामः ……………… | दस्तखतः ……………………… | अनुगमन मितिः |
| कक्षा व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने सहभागी सदस्यको नामः………………………………………… | दस्तखतः ……………………… | |
| अनुगमनकर्ताको नाम र पद : | दस्तखतः | |

# अनुसूची ५:
# वित्तीय साक्षरता प्रवर्द्धन विकास केन्द्र

## १. उद्देश्य

स्थानीय तहका युवा, महिला, पुरुष, वैदेशिक रोजगारबाट फर्केका तथा तिनका परिवारका सदस्यहरुलाई नियमित रुपमा वित्तीय शिक्षा, व्यावसायिक एवं उद्यमशीलता सम्बन्धी ज्ञान, सिप, तालिम, प्रविधि र पुँजी लगायतका आवश्यक सहयोगहरु उपलब्ध गरी-गराई रोजगार, स्वरोजगार र सेवाग्राहीको चाहना तथा लगानी अनुसारका उद्योग व्यवसायहरुको प्रवर्धनका लागि अति आवश्यक सेवाहरु प्रवाह गर्न स्थानीय तहमा वित्तीय साक्षरता प्रवर्धन विकास केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

## २.संगठनात्मक संरचना तथा सेवाहरु

- वित्तीय साक्षरता केन्द्रको स्थायी संरचना यस नगर कार्यपालिकाको कार्यालयमा हुनेछ र वित्तीय साक्षरता सहजकर्ता द्वारा निरन्तर सेवा प्रवाह गरिने छ । स्थानीय तहको स्रोत, क्षमता र आवश्यकता अनुसार उप-केन्द्रहरु पनि बिस्तार हुनेछन् ।
- यस केन्द्रमा वित्तीय साक्षरता तथा उद्यमशीलता विकासका लागि चाहिने महत्वपूर्ण सूचानाहरु भित्तामा/पर्खालमा सु-सज्जित तरिकाले सजाइएको हुनेछ ।
- स्थानीय तहका सेवाग्राहीलाई यस केन्द्रबाट व्यवसाय दर्ता, नवीकरण प्रक्रिया तथा व्यावसायिक करहरु बुझाउने आदि कुराहरुको जानकारी तथा सचेतना फैलाउने कामहुनेछ ।
- यस केन्द्रमा स्थानीय तहमा सेवा प्रदान गरिरहेको सबै औपचारिक वित्तीय सेवाप्रदायक संस्थाहरुलाई समन्वय गरी-गराई ऋण, बिमा, बचत तथा विप्रेषण सेवा उपयोगको लागि प्रोत्साहित गरिनेछ ।
- उद्यम/व्यवसाय गर्नको लागि व्यावसायिक योजना बनाउन मद्दत गरिनेछ ।
- उद्योग/व्यवसायको विकास तथा बजारीकरण गर्नको लागि तालिम तथा सामग्री उपलब्ध गराइनेछ ।
- स्थानीय स्तरमा पुँजी निर्माण तथा परिचालन गर्न,सिकेका ज्ञानहरुलाई व्यवहारमा उतार्न, आप्रवासी परिवारलाई भैपरी आउने समस्याहरु समाधान गर्नका लागि आप्रवासी सहकारीको विकास गरिएको हुनेछ ।
- यस तालिम केन्द्रलाई प्रभावकारी बनाउनको लागि नियमित रुपमा सिप विकास तालिम केन्द्र, मेडेपा कार्यक्रम, घरेलु तथा साना उद्योग कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु सँग समन्वय गरी स्थानीय सेवाग्राहीहरुलाई सेवामा पहुँचको लागि सहजीकरण गरिनेछ ।
- वित्तीय साक्षरता सेवा लिइ सकेका र आगामी दिनमा सेवा लिने सहभागीहरुलाई समय-समयमा पुनर्ताजगी गराई रोजगार, स्वरोजगार बन्नका लागि आवश्यक सेवाहरु प्रदान गरिने छ र साथै तिनलाई आप्रवासी सहकारीमा आवद्ध गरिनेछ ।

## ३.<u>प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन</u>

वित्तीय साक्षरता प्रबर्द्धन विकास केन्द्रको प्रत्यक्ष निगरानीको लागि स्थानीय तहका प्रमुखको नेतृत्वमा केन्द्र व्यवस्थापन समिति हुनेछ ।यसको गठन देहाय अनुसार हुनेछ । साथै आवश्यकता अनुसार उप-केन्द्र व्यवस्थापन समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -अध्यक्ष |
| (ख) नगर उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) संयोजक, विषयगत समिति (आर्थिक विकास) | -सदस्य |
| (ङ) रोजगार संयोजक, रोजगार सेवा केन्द्र | -सदस्य |
| (च) फोकल पर्सन | -सदस्य |
| (छ) वित्तीय साक्षरता सहजकर्ता | -सदस्य-सचिव |

व्यवस्थापन समितिले कार्यक्रम सहयोग इकाई (हेल्भेटास नेपाल) को प्रतिनिधि, क्षेत्रीय संयोजक (सामी कार्यक्रम), जिल्ला कार्यक्रम संयोजक (सामी कार्यक्रम), आप्रवासी हकहित संजाल (नगर स्तरीय), आप्रवासी बहुउद्देश्यीय सहकारी (नगरस्तरीय), मेडेपा शाखा प्रमुख प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

- यस केन्द्रको नियमित प्रगति प्रतिवेदन Digital Reporting System बाट हुनेछ ।
- केन्द्र सञ्चालनको लागि विस्तृत कार्यविधि निर्माण गरेको हुनु पर्नेछ ।
- कार्यक्रमको प्रभावकारी कार्यान्वयनका निम्ति स्थानीय तहको उपप्रमुखको नेतृत्वमा केन्द्र अनुगमन तथा मूल्याङ्कन समिति हुनेछ, जसको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -संयोजक |
| (ख) नगर प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) संयोजक, विषयगत समिति (आर्थिक विकास) | -सदस्य |
| (ङ) रोजगार संयोजक, रोजगार सेवा केन्द्र | -सदस्य |
| (च) फोकल पर्सन | -सदस्य |

समितिले कार्यक्रम सहयोग इकाई (हेल्भेटास नेपाल) को प्रतिनिधि, क्षेत्रीय संयोजक (सामी कार्यक्रम), जिल्ला कार्यक्रम संयोजक (सामी कार्यक्रम), आप्रवासी हकहित संजाल (नगर स्तरीय), आप्रवासी बहुउद्देश्यीय सहकारी (नगर स्तरीय) प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।